# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com








❐ वर्ष : २५ ❐ अंक : २१३ ❐ शनिवार, २ जेठ, २०८३ ❐ Saturday, 16 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


## पूर्वाधार बेवास्ताविरुद्ध मुख्यमन्त्री कार्यालयअघि वडाध्यक्षको धर्ना




❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १ जेठ

कर्णाली प्रदेश सरकारको विकास प्राथमिकतामाथि प्रश्न उठाउँदै सल्यानका एक वडाध्यक्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि अनिश्चितकालीन धर्नामा बसेका छन् । कालीमाटी गाउँपालिका-७ का वडाध्यक्ष मित्रलाल रिजालले घुइयाबारी -स्वामीबास-बबई सडकको स्तरोन्नति तथा नेपाल टेलिकमको टावर निर्माणको माग राख्दै सोमबारदेखि धर्ना सुरु गरेका हुन् ।

वडाध्यक्ष रिजालसँगै वडा सदस्य बिर्घाबहादुर राना पनि आन्दोलनमा सहभागी छन् । उनीहरूले प्रदेश सरकारले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि स्थानीय नागरिकका आधारभूत समस्याप्रति बेवास्ता गरेको आरोप लगाएका छन् ।

धर्नास्थलमै बोल्दै वडाध्यक्ष रिजालले सडक र सञ्चारजस्ता आधारभूत पूर्वाधार अभावकै कारण स्थानीय नागरिकले वर्षौंदेखि कठिनाइ भोगिरहेको बताए । उनका अनुसार घुइयाबारी-स्वामीबास-बबई सडक अत्यन्त जीर्ण अवस्थामा रहेको छ । वर्षायाममा सडक हिलाम्मे र अवरुद्ध हुने भएकाले यातायात सञ्चालन नियमित हुन सकेको छैन । सडक स्तरोन्नति र कालोपत्रे नहुँदा गाउँका बिरामीलाई अस्पताल पुऱ्याउन, विद्यार्थीलाई विद्यालय जान र किसानलाई कृषि उपज बजारसम्म लैजान समस्या भइरहेको उनले बताए ।

सडकको अवस्था यति खराब छ कि सामान्य वर्षामै आवतजावत ठप्प हुन्छ, उनले भने, स्थानीय जनताले वर्षौंदेखि सास्ती भोगिरहेका छन् तर सरकारको ध्यान पुगेको छैन । उनका अनुसार उक्त सडक क्षेत्रीय रूपमा महत्त्वपूर्ण भए पनि बजेट अभाव र सरकारी उदासीनताका कारण निर्माण कार्य अघि बढ्न सकेको छैन । स्थानीय तहबाट पटक-पटक प्रदेश सरकारलाई योजना समावेश गर्न आग्रह गरिए पनि सुनुवाइ नभएको उनले गुनासो गरे ।

वडाध्यक्ष रिजालका अनुसार नेपाल टेलिकमको टावर नहुँदा अधिकांश बस्तीमा मोबाइल नेटवर्क प्रभावकारी छैन । कतिपय ठाउँमा बाँकी पृष्ठ २

# कर्णालीका १६ लाख बढी नागरिक प्राकृतिक विपद् बीमामा समेटिए



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १ जेठ

कर्णाली प्रदेश सरकारले प्राकृतिक विपद्बाट हुने जनधनको क्षतिलाई सम्बोधन गर्न सामूहिक दुर्घटना बीमा कार्यक्रमलाई लागू गरेको छ ।

प्रदेश सरकारको मन्त्रिपरिषद्बाट स्वीकृत 'विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१' अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय बीमा कम्पनी लिमिटेडबीच एक वर्षका लागि बीमा सम्झौता गरिएको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर सुर्खेत र राष्ट्रिय बीमा कम्पनी लिमिटेड, काठमाडौंबीच यसअघि १ असोज २०७६ मा भएको सम्झौताकै आधारमा नयाँ समझदारी गरिएको छ ।

यो प्राकृतिक विपद्बाट हुने क्षतिको बीमा सम्झौता ३० बैशाख २०८३ बाट लागू हुने गरी एक वर्ष अवधिका लागि सम्झौता नवीकरण गरिएको मुख्यमनत्रीको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सम्झौतामा मुख्यमन्त्री कार्यालयका तर्फबाट उपसचिव उक्तम गौतम र राष्ट्रिय बीमा कम्पनीका तर्फबाट सह-व्यवस्थापक डम्बरदेव अधिकारीले हस्ताक्षर गरेका छन् ।

कार्यविधिअनुसार सञ्चालन हुने यो बीमालेखमा कर्णाली प्रदेशका १६ लाख ८८ हजार चार सय १२ जना नागरिक समेटिएका छन् । प्रतिव्यक्ति बीमांक दुई लाख रुपैयाँ कायम गरिएको छ । प्रदेश सरकारले प्रतिव्यक्ति वार्षिक नौ रुपैयाँ ३३ पैसाका दरले बीमाशुल्क तिर्नेछ । यसअनुसार कुल बीमाशुल्क एक करोड ५७ लाख ५२ हजार नौ सय चार रुपैयाँ लाग्नेछ, जुन रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भुक्तानी गर्नेछ ।

सम्झौताअनुसार प्राकृतिक विपद्का कारण मृत्यु भएका व्यक्तिका परिवारले बीमा दाबी गर्न पाउनेछन् । बीमा दाबीका लागि घटना भएको ३५ दिनभित्र निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । तोकिएको अवधिभित्र दाबी गर्न नसकिएमा ढिलाइ हुनुको कारण खुलाएर सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहको सिफारिससहित एक सय ८० दिनभित्र दाबी गर्न सकिने प्रावधान राखिएको छ ।

बीमा सुविधा पाउन प्रदेशको स्थायी बासिन्दा हुनुपर्नेछ । साथै देशको जुनसुकै स्थानमा प्राकृतिक विपद्का कारण मृत्यु भएका कर्णालीका स्थायी नागरिक पनि यस योजनाअन्तर्गत समेटिनेछन् । अन्य प्रदेशका नागरिक भए पनि कर्णाली प्रदेशभित्र सरकारी, गैरसरकारी वा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकलाई समेत बीमा कार्यक्रममा समावेश गरिएको छ ।

बीमाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, भूकम्प, बाढी तथा जलमग्न, पहिरो, जमिन धसिने, डुबान, हावाहुरी, आँधीबेहरी, शीतलहर, तातो हावाको लहर, चट्याङ, आगलागी, डढेलो, जंगली जनावरको आक्रमण, भिरबाट लड्ने, ढुंगा खस्ने, खोला वा नदीमा डुब्ने वा बग्ने जस्ता प्राकृतिक विपद्बाट हुने मृत्युका घटनालाई समेट्ने छ ।

यसअघि जंगली जनावरको आक्रमण, भिरबाट लडेर, भिरबाट खसेको ढुंगाको कारण मृत्यु भएमा, खोला वा नदीमा डुबी मृत्यु भएमा भन्ने विषय थिए यो प्रावधान यसपटकदेखि लागू भएको हो । बीमा दाबी प्रक्रियालाई सहज बनाउन कम्पनीले कर्णालीका सबै जिल्लामा एक-एक जना प्रतिनिधि खटाउने व्यवस्था गर्नुपर्ने छ । घटनास्थलबाट आवश्यक कागजात संकलन गर्ने जिम्मेवारी ती प्रतिनिधिलाई दिइनेछ ।

त्यस्तै बीमा कार्यक्रमबारे जनस्तरसम्म जानकारी पुऱ्याउन कम्पनीले प्रभावकारी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ भने प्रदेश सरकारले समेत प्रचार-प्रसारमा जोड दिने जनाइएको छ ।

सम्झौतामा बीमितको भुक्तानी प्रक्रियालाई सरल र प्रभावकारी बनाउन कम्पनीले कार्यालय, कम्पनी र लाभग्राहीबीच समन्वय गर्ने संयन्त्र विकास गर्नुपर्ने उल्लेख छ ।

बीमा रकम भुक्तानी गर्दा स्थानीय तहको सिफारिस र कागजातलाई प्रमाणका रूपमा स्वीकार गर्नुपर्नेछ । पूर्ण कागजात पेश भएको मितिले बढीमा १५ दिनभित्र हकवालाको बैंक खातामा सिधै रकम जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ । भने रकम भुक्तानी भएको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ ।

साथै कम्पनीले प्रत्येक महिना बीमा दाबी र भुक्तानीसम्बन्धी प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने प्रावधान पनि सम्झौतामा समावेश गरेको छ । बीमा कार्यक्रम सञ्चालनका क्रममा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीका आधारमा समाधान गरिनेछ । त्यसरी समाधान हुन नसके प्रचलित नेपाली कानूनअनुसार विवाद टुंग्याइने व्यवस्था गरिएको छ ।


## जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो- यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

*समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।*

**नेपाल सरकार**
विज्ञापन बोर्ड


## 'मूल्यवृद्धिले विकास निर्माण प्रभावित'

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, १ जेठ

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले मध्यपूर्वमा बढ्दो तनावका कारण इन्धन तथा निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले विकास निर्माणका काम प्रभावित बनेको भन्दै संघीय सरकारले तत्काल आवश्यक कदम चाल्नुपर्ने बताएका छन् ।

शुक्रबार कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघले बुझाएको ध्यानाकर्षण पत्र ग्रहण गर्दै मुख्यमन्त्री कँडेलले मूल्यवृद्धिको असर कर्णालीसहित देशभरका विकास आयोजनामा परेको उल्लेख गरे ।

उनले यो समस्या प्रदेश सरकारको मात्रै नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिसँग जोडिएको विषय भएकाले संघीय सरकारले गम्भीरतापूर्वक समाधान खोज्नुपर्ने बताए ।

"यो अन्तर्राष्ट्रिय कारणले सिर्जना भएको राष्ट्रिय समस्या हो," उनले भने, "संघीय सरकारले समयमै उचित निर्णय नगरे विकास निर्माणका धेरै आयोजना प्रभावित हुनेछन् ।"

मुख्यमन्त्री कँडेलले हालै प्रधानमन्त्रीसँग सातै प्रदेशका मुख्यमन्त्रीहरूको भेटका क्रममा पनि यही विषय उठाइएको जानकारी दिए ।

उनका अनुसार इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिले निर्माण व्यवसायी मात्र नभई प्रदेश सरकारका विकास आयोजना पनि प्रभावित बनेका छन् ।

उनले प्रदेश सरकारले समस्या समाधानका लागि पहल गर्न खोजे पनि संघीय कानुनका कारण निर्णय प्रक्रियामा जटिलता रहेको बताए ।

"प्रदेश सरकार व्यवसायीका समस्या समाधानप्रति सकारात्मक छ," उनले भने "तर कतिपय निर्णयमा संघीय कानुनले सीमित बनाएको अवस्था छ ।"

मुख्यमन्त्री कँडेलले पछिल्ला केही वर्षयता भएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाले विकास खर्च र निर्माण कार्यमा प्रत्यक्ष असर पारेको उल्लेख गरे ।

यस्ता परिस्थितिलाई बेवास्ता गर्दै प्रदेश सरकारको क्षमता र योग्यतामाथि प्रश्न उठाउने प्रयास भइरहेको उनको भनाइ थियो । उनले निर्माण व्यवसायीका समस्या समाधानका लागि प्रदेश सरकार आवश्यक निर्णय गर्न तयार रहेको संकेत गरे ।

लामो समयसम्म ठेक्का लिएर काम नगर्ने र आयोजना अलपत्र पार्ने निर्माण कम्पनीप्रति भने सरकार कठोर बन्ने चेतावनी दिए । "पाँच वर्षसम्म ठेक्का लिएर पनि १० देखी १५ प्रतिशत मात्रै काम गर्ने रुग्ण आयोजनामा सरकार कडा निर्णयमा पुग्न बाध्य हुन्छ," उनले बताए ।

मुख्यमन्त्री कँडेलले वर्तमान परिस्थितिका कारण निर्माण व्यवसायीलाई तत्काल अयोग्य ठहर गर्ने वा कानुनी कारबाहीतर्फ नजाने स्पष्ट पार्दै सरकार व्यवसायीका समस्याप्रति संवेदनशील रहेको बताए ।

शनिवार

# अन्तिम चरणको क्यान्सरमा आयुर्वेदको सहयात्रा



✍ डा. रमेश आचार्य

अब घर लैजानुस... सायद एक-दुई महिना मात्रै बाँकी छ होला ।'

काठमाडौंस्थित त्रिभुवन शिक्षण अस्पतालमा सर्जनले भनेका यी शब्दहरू मेरो जीवनका सबैभन्दा कठोर क्षणहरूमध्ये एक थिए । म चिकित्सक भएर पनि पूर्ण रूपमा असहाय महसुस गरिरहेको थिएँ । तर त्योभन्दा बढी म त्यस्तो छोरा थिएँ, जसले आफ्नो बुवाको आँखामा अझै केही समयको जीवन देख्न चाहन्थ्यो ।

बुवाको पेटको क्यान्सर अन्तिम चरणमा थियो, तर हामीले परिवारका रूपमा उहाँलाई रोगको वास्तविक गम्भीरता कहिल्यै बताएनौं । किनभने हामीलाई लाग्यो, अन्तिम चरणको डरभन्दा पनि बाँकी समयलाई शान्त र सहज बनाउनु महत्त्वपूर्ण हो । शल्यक्रियाका क्रममा क्यान्सर शरीरभरि फैलिसकेको देखिएपछि अपरेसन सम्भव नभई घाउ बन्द गरेर घर फर्काइँदा हामी सबै मौन भयौं । तर त्यो मौनताभित्र एउटा ठूलो निर्णय जन्मियो– अब उपचार निको पार्ने दिशामा होइन, पीडा कम गर्ने र जीवन सहज बनाउने दिशामा हुनुपर्छ ।

त्यसताका म भारतमा अध्ययनरत थिएँ । मेरा गुरु प्रोफेसर डा. विजय चौधरीको निरन्तर मार्गदर्शन, क्लिनिकल अनुभव र क्लासिकल आयुर्वेदिक सिद्धान्तलाई आधार बनाएर हामीले बुवाका लागि एउटा आयुर्वेदिक फर्मुलेसन तयार गर्‍यौं, जसलाई हामीले सावधानीपूर्वक 'सपोर्टिभ केमोथेरापी'का केही सेल्ससँग संयोजनमा प्रयोग गर्‍यौं ।

हाम्रो उद्देश्य कहिल्यै क्यान्सर पूर्ण रूपमा निको पार्ने दाबी गर्नौं भन्ने थिएन । बरु एडभान्स स्टेज क्यान्सरले ल्याउने अत्यन्त गहिरो शारीरिक र मानसिक असहजता, जसलाई केवल बिरामीले मात्र पूर्ण रूपमा महसुस गर्न सक्छन्, त्यसलाई कम गर्नुमा थियो ।

किनकि यस्तो अवस्थामा बिरामीले अनुभव गर्ने दुखाइ केवल शारीरिक दुखाइ मात्र होइन, त्यो सम्पूर्ण शरीर, मन र चेतनामा फैलिएको निरन्तर असहजता हो । यसले निद्रा, भोक, मानसिक शान्ति र आत्मबल सबैलाई कमजोर बनाइदिन्छ । र, हामीले प्रयोग गरेका आयुर्वेदिक औषधिहरूले बिस्तारै त्यही स्तरमा काम गर्न थाले र दुखाइको तीव्रता घट्दै गयो ।

पाचन र भोकमा सुधार देखियो । शरीरमा असहजता केही हदसम्म कम भयो । र, सबैभन्दा महत्त्वपूर्ण कुरा उहाँको मानसिक अवस्था स्थिर हुन थाल्यो । यसले उहाँलाई फेरि सामान्य कुराकानी गर्न, मिठो मुस्कान दिन र परिवारसँग समय बिताउन सक्षम बनायो । यो कुनै पनि क्लिनिकल प्यारामिटरभन्दा धेरै मूल्यवान् थियो । त्यही समय मैले नेपाल र भारतका धेरै अङ्कोलोजिस्टहरूसँग प्रत्यक्ष समन्वय गर्ने अवसर पाएँ ।

यसले मलाई अझ स्पष्ट बनायो कि आधुनिक अङ्कोलोजी र आयुर्वेद प्रतिस्पर्धी होइनन्, बरु सहकार्य गर्न सक्ने दुई फरक तर पूरक प्रणाली हुन् । जहाँ मोडर्न अङ्कोलोजीले रोग (डिजिज) निको पार्ने प्रयास गर्छ भने आयुर्वेदले दुःख निवारण हेरचाहमार्फत 'क्वालिटी अफ लाइफ' सुधार गर्न सक्छ ।

यो सम्पूर्ण यात्रामा मेरा गुरु र श्रीमतीको भावनात्मक साथ निकै महत्त्वपूर्ण रह्यो । किनकि यस्तो अवस्थामा चिकित्सक स्वयम् पनि भावनात्मक रूपमा प्रभावित हुन्छ तर मार्गदर्शनले निर्णयलाई स्थिर बनाउँछ । र, मेरो दाइ र आमाको भूमिका त झन् निर्णायक थियो ।

हामीले बुवालाई डर वा भविष्यवाणी कहिल्यै महसुस हुन दिएनौं । बरु उहाँलाई हरेक दिन सामान्य जीवनजस्तै अनुभव गराउने प्रयास गर्‍यौं । यसले उहाँलाई मानसिक रूपमा बलियो राख्न सहयोग गर्‍यो र अन्ततः, जहाँ एक-दुई महिना मात्रैको अनुमान गरिएको थियो, त्यसमा उहाँले झन्डै दुई वर्ष ढुक्कले र अपेक्षाकृत सहज जीवन बिताउनुभयो ।

यो अवधिमा हाम्रो अनुभवले एउटा कुरा स्पष्ट गरायो कि एडभान्स क्यान्सरमा चिकित्सा केवल रोग नियन्त्रणको कुरा होइन, बरु पीडा, मानसिक अवस्था र परिवारको सहयोगको संयुक्त परिणाम हो । म दैनिक रूपमा एडभान्स स्टेज क्यान्सरका बिरामीहरूसँग कहिले टेलिफोन, कहिले भिडियो कल त कहिले प्रत्यक्ष सम्पर्कमा रहने गर्छु, जहाँ धेरै बिरामीहरू अत्यन्त कठिन शारीरिक र मानसिक अवस्थाबाट गुज्रिरहेका हुन्छन् । तर त्यही पीडाको बीचमा पनि मैले बारम्बार एउटा कुरा देखेको छु– उनीहरूको आँखामा बाँकी रहेको सानो तर गहिरो आशाले उनीहरू अझै पनि केही सहजता, शान्ति र केही साथको अपेक्षा गरिरहेका हुन्छन् ।

र, यसै यात्राबाट सिकिएको सबैभन्दा ठूलो पाठ के हो भने अन्तिम चरणमा पनि आशा समाप्त हुँदैन । यसको स्वरूप मात्र बदलिन्छ । कहिले औषधिका रूपमा, कहिले परिवारको साथका रूपमा र कहिले केवल बिरामीको अनुहारमा देखिने सानो शान्त मुस्कानको रूपमा ।

(आचार्य आयुर्वेद चिकित्सक तथा सल्लाहकार हुन् ।)

# ७५३ स्थानीय तहको एक वर्षको बेरुजु १९ अर्ब ५ करोड, प्रदेशको कति ?

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १ जेठ

देशभरीका ७५३ स्थानीय सरकारको एक वर्ष (आव २०८१/८२) को कुल बेरुजु १९ अर्ब ५ करोड रुपैयाँ बराबर भएको पाइएको छ । महालेखा परीक्षकको कार्यालयले ६३ औं वार्षिक प्रतिवेदन शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेश गरेको छ ।

सो प्रतिवेदन अनुसार स्थानीय तहको कूल बेरुजु १९ अर्ब ४ करोड ७७ लाख रुपैयाँ बराबर छ ।

यसमध्ये असुल गर्नुपर्ने २ अर्ब १ करोड र नियमित गर्नुपर्ने १५ अर्ब १८ करोड तथा पेश्की १ अर्ब ८४ करोड रुपैयाँ रहेको छ । ७ प्रदेशको कूल बेरुजु भने ५ अर्ब २२ करोड रुपैयाँ बराबर रहेको छ ।

जसमध्ये ५२ करोड असुल गर्नुपर्ने र ३ अर्ब ७५ करोड नियमित गर्नुपर्ने प्रकृतिको बेरुजु रहेको छ । पेश्की रकम ९४ करोड रुपैयाँ रहेको छ ।

संघीय सरकारको कूल बेरुजु ५३ अर्ब ४८ करोड रुपैयाँ देखिएको छ ।

जसमा असुल गर्नुपर्ने २६ अर्ब ५० करोड र नियमित गर्नुपर्ने २५ अर्ब ४४ करोड रुपैयाँ बराबर बेरुजु कायम भएको छ । पेश्की १ अर्ब ५३ करोड रहेको छ ।

प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औल्याइएको कारोबार बेरुजु हो ।

## पूर्वाधार...

फोन गर्न वा इन्टरनेट चलाउन अग्लो डाँडामा पुग्नुपर्ने अवस्था रहेको उनले बताए ।

आजको समयमा सञ्चार सेवा आधारभूत आवश्यकता हो, रिजालले भने, तर हाम्रो क्षेत्रमा अझै नागरिकले सामान्य फोन सेवा समेत सहज रूपमा पाउन सकेका छैनन् ।

उनले सञ्चार पहुँच कमजोर हुँदा विद्यार्थीको अध्ययन, अनलाइन सेवा, सरकारी सूचना आदानप्रदान तथा आपतकालीन अवस्थामा उद्धार कार्यसमेत प्रभावित भइरहेको बताए ।

विशेषगरी बिरामी पर्दा वा विपद्को समयमा सञ्चार अभावले थप जोखिम निम्त्याउने गरेको स्थानीयको अनुभव छ । धर्नामा सहभागी वडा सदस्य बिर्घाबहादुर रानाले ग्रामीण क्षेत्रका नागरिकले राज्यबाट बराबरी व्यवहार नपाएको आरोप लगाए । उनले कर्णालीका दुर्गम बस्तीमा अझै सडक, सञ्चार, स्वास्थ्य र शिक्षा क्षेत्रमा आधारभूत सुविधा कमजोर रहेको उल्लेख गर्दै सरकारले ग्रामीण भेगलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

उनीहरूले आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् । धर्नास्थलमा उनीहरूले सडक स्तरोन्नति, कालोपत्रे, सञ्चार टावर निर्माण तथा ग्रामीण पूर्वाधार विकासलाई तत्काल अघि बढाउनुपर्ने मागसहितका प्लेकार्डसमेत प्रदर्शन गरेका छन् । कर्णाली प्रदेशमा पूर्वाधार विकासको गति सुस्त रहेको गुनासो भइरहेका बेला जनप्रतिनिधि नै आन्दोलनमा उत्रिनुले सरकारमाथि थप दबाब सिर्जना गरेको छ । स्थानीय तहका प्रतिनिधिहरूले विकास योजनामा राजनीतिक पहुँच र केन्द्रित बजेट वितरणका कारण दुर्गम क्षेत्र पछि परेको आरोप लगाउँदै आएका छन् । प्रदेश सरकारले भने धर्नाबारे औपचारिक प्रतिक्रिया सार्वजनिक गरिसकेको छैन ।

कविता

# सञ्जालको लतमा भनूँ कि कुलतमा



✍ पुरुषोत्तम लोहनी

लेख्दा, बोल्दा, अभिनय गर्दा र प्रकृतिमा मात्र हो
स्वतन्त्रता मिल्ने
नत्र अन्तरमनलाई सोध, अन्त निष्पक्ष कहाँ पाउने छौं ?
देशको मुहार फेर्न जुटेका हामी
सामाजिक सञ्जालमा किन भ्रामक गाईजात्रा देखाउँदै छौं?
छिनछिनमा कसले के लेख्यो
के बोल्यो भनी, दिल र दिमागको मनोरोगी किन बढाउँदै छौं?
एक अर्कालाई निर्वस्त्र पारी देश,
समाज,जात,धर्म,वर्ण,आस्था आदिमा चोट दिई
भ्यूजको धन्दा किन फस्टाउँदै छौं ?
भाइरल हुने होडमा ख्यालै नगरी
कसैको चरित्र हत्या गर्दा,तिमीले के कति डलर वा इज्जत कमाऊ छौ?
आजकल त यो सञ्जाल धेरै मानिसहरूको बोल्ने,पढ्ने,लेख्ने
जागिर, व्यापार, मनोरञ्जन र कमाई खाने भाँडो भएको छ
रेमिट्यान्सले धानेको देश र एआई को युगमा
सामाजिक सञ्जाल सोचेको भन्दा बलियो अस्त्र हुने रहेछ
लाइभ, सेयर,लाइक, कमेन्ट, भिडियो फलोअर्स र
स्ट्याटस आदि शृङ्गारले सजिएको,सञ्जाल रहेछ
उमेर, जोस,आक्रोश र भावनामा बगेर
गलत बोल्दा र लेख्दा भविष्यमा प्रमाण भई, कारबाही र
माफी माग्नु पर्ने रहेछ
आदत भनूँ कि मात यस्तो किन उडाउँदै छौं?
देशको विषयमा पक्ष र विपक्षमा उतारी किन राष्ट्रियताको
नाममा,नाङ्गो नाच नचाउँदै छौं ?
लेखेको र बोलेको दायित्व र जिम्मेवारी पुरा गर्नुपर्ने नियम छैन
त्यसैले त खुला पनको नाममा छाडापन ह्वात्तै मौलाउँदै छौं
उद्देश्य हामी सबैको एउटा सुन्दर देश बनाउने हो
तैपनि राष्ट्रिय हितको विषयमा एकता हुनु जरूरी छ
हामी सबै नेपाली मनको स्वच्छ छौं
तर समाधान गर्ने भन्दा खोट लगाई
विरोध मात्र गर्दा अर्को पुस्ताले के चाहिं नयाँ सिक्छ ?

# तेस्रो पटक म्याद थप्दा पनि बनेन् अस्पताल, भुइँमै उपचार गर्न बाध्य



**काँक्रेविहार संवाददाता**
दैलेख, १ जेठ

जिल्ला अस्पताल दैलेखको नयाँ भवन निर्माण कार्य निर्धारित समयभन्दा दुई वर्ष ढिलो हुँदा पनि सम्पन्न हुन सकेको छैन । पटक-पटक म्याद थपिए पनि निर्माणले अपेक्षित गति लिन नसक्दा ५० शय्याको सुविधा सम्पन्न अस्पताल भवन अझै अधुरै बनेको हो ।

२०७८ जेठ १० गतेदेखि निर्माण सुरु गरिएको भवन २०८१ जेठ ३० गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर हालसम्म भौतिक प्रगति करिब ६८ प्रतिशतमा सीमित रहेको छ ।

१८ करोड २३ लाख रुपैयाँ लागतको उक्त भवन निर्माणको जिम्मा पाएको श्री प्रेरा/क्याराभान/सुपरस्टार जेभीले समयमै काम सम्पन्न गर्न नसकेपछि तेस्रो पटकसम्म म्याद थप गरिएको छ ।

हालको म्याद २०८३ भदौ मसान्तसम्म तोकिएको छ । जिल्ला स्वास्थ्य सेवा कार्यालय दैलेखका व्यवस्थापक डा. मनोज विश्वकर्माका अनुसार दोस्रो पटक थपिएको म्यादभित्र पनि काम सम्पन्न नभएपछि विभिन्न सरोकारवालासँग छलफल गरी तेस्रो पटक म्याद थप गरिएको हो ।

उनले निर्माण कम्पनीले काम गरिरहेको दाबी गरे पनि प्रगति निकै सुस्त रहेकाले थपिएको समयभित्रै भवन सम्पन्न हुनेमा आशंका रहेको बताए । उनका अनुसार निर्माण कम्पनीलाई पटक-पटक काम तीव्र बनाउन आग्रह गरिए पनि अपेक्षित सुधार हुन सकेको छैन ।

"यदि तेस्रो पटक थपिएको समयभित्र पनि भवन निर्माण पूरा भएन भने कार्यालय वैकल्पिक प्रक्रिया अपनाउन बाध्य हुनेछ," उनले भने ।

निर्माण कार्य ढिलो हुँदा अस्पतालमा शय्या अभाव चुलिएको छ । हाल बिरामीलाई भुइँमै राखेर उपचार गर्नुपर्ने अवस्था सिर्जना भएको अस्पताल प्रशासनले जनाएको छ ।

१५ शय्याको जिल्ला अस्पतालले अहिले ५१ शय्यासम्म सेवा दिँदै आएको छ । नयाँ भवन नबन्दा २०४२ सालमा बनेको पुरानो भवनमै कोचाकोच गरी सेवा सञ्चालन भइरहेको छ ।

निर्माण कम्पनीका प्रोप्राइटर तारा शाहीले कोरोना महामारी, रुख कटान, आर्थिक मन्दी तथा दक्ष जनशक्ति अभावका कारण निर्माण प्रभावित भएको बताए । उनले पछिल्लो समय काम जारी रहेको जानकारी दिँदै पुस मसान्तमा पेश गरिएको एक करोड १७ लाख रुपैयाँ बराबरको रनिङ बिल अझै भुक्तानी नभएको गुनासो गरे । निर्माण सामग्रीको मूल्य निरन्तर बढिरहेको भन्दै प्रदेश सरकारले सहजीकरण गर्नुपर्ने उनको भनाइ छ ।

# विकास साझेदारको करोडौँ लगानी

**काँक्रेविहार संवाददाता**
जाजरकोट, १ जेठ




जिल्लाका सात वटा स्थानीय तहमा कार्यरत विकास साझेदार तथा गैरसरकारी संस्थाले चालु आर्थिक वर्षमा ७७ करोड ८९ लाख रुपैयाँभन्दा बढी बजेट परिचालन गर्ने भएका छन् । क्षमता विकास, सिपमूलक तालिम, पूर्वाधार निर्माण तथा विपन्न समुदायको उत्थानका क्षेत्रमा उक्त बजेट खर्च गरिने जनाइएको छ ।

जिल्ला समन्वय समितिले आयोजना गरेको गैरसरकारी संस्था तथा विकास साझेदार निकायहरूको समीक्षा कार्यक्रममा १२ वटा संस्थाले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिक गरेका हुन् ।

पाँचतारा युवा संरक्षक मञ्च जाजरकोटका निर्देशक टेकबहादुर सुनारले सन् २०२६ सम्म गरिब, दलित, विपन्न तथा जोखिममा रहेका बालबालिकाको क्षेत्रमा ३० करोड रुपैयाँ बजेट परिचालन गरिने जानकारी दिए । उनका अनुसार ग्रामीण बस्तीका नागरिकलाई सशक्त बनाउने उद्देश्यले विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन भइरहेका छन् ।

भेरी, छेडागाड र नलगाड नगरपालिका तथा बारेकोट, जुनीचाँदे, कुसे र शिवालय गाउँपालिकामा विभिन्न संस्थाले सामाजिक तथा विकास निर्माणका कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

ती संस्थामध्ये पाँचतारा युवा संरक्षक मञ्च, पहाडी क्षेत्र विकास अभियान, आरआरएन, सहास नेपाल, यार्सन नेपाल, राष्ट्रिय दलित समाज कल्याण सङ्घ, सोसेक नेपाल, आइएनएफ नेपाल, असल छिमेकी नेपाल, लिवर्ड, नेपाल राष्ट्रिय कल्याण सङ्घ र अपाङ्ग स्वावलम्बन संस्था रहेका छन् ।

सार्वजनिक गरिएको विवरणअनुसार पाँचतारा युवा संरक्षक मञ्चले ३० करोड रुपैयाँ, पहाडी क्षेत्र विकास अभियानले २० करोड ७३ लाख रुपैयाँ, सोसेक नेपालले पाँच करोड ८५ लाख रुपैयाँ तथा आइएनएफ नेपालले जाजरकोट भूकम्प पुनर्लाभ परियोजनामार्फत पाँच करोड ८६ लाख रुपैयाँ खर्च गर्ने जनाएको छ ।

त्यस्तै, सहास नेपालले एक करोड ७८ लाख, असल छिमेकी नेपालले एक करोड ६८ लाख, लिवर्डले एक करोड ५९ लाख, अपाङ्ग स्वावलम्बन संस्थाले ४३ लाख तथा यार्सन नेपालले २७ लाख रुपैयाँ बराबरका कार्यक्रम सञ्चालन गर्ने भएका छन् ।

राष्ट्रिय दलित समाज कल्याण सङ्घले एक सय २० जना दलित बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराउने जनाएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख कालीबहादुर खत्रीले दातृ निकायलाई गरिब, दलित, अपाङ्गता भएका व्यक्ति, जोखिममा रहेका बालबालिका तथा भूकम्पपीडित परिवारको पहिचान गरी प्रभावकारी सेवा प्रवाह गर्न आग्रह गरे ।

# भूमि कार्यालय बन्यो, तर सेवा प्रवाह ठप्प



**काँक्रेविहार संवाददाता**
बाजुरा, १ जेठ

जिल्लाको बुढीनन्दा नगरपालिका दुई कोल्टीमा स्थापना गरिएको भूमि प्रशासन कार्यालय एक महिना बितिसक्दा पनि सेवा प्रवाह सुरु गर्न नसक्दा स्थानीयवासी प्रभावित भएका छन् ।

हिमाली गाउँपालिका, स्वामिकार्तिक खापर गाउँपालिका, जगन्नाथ गाउँपालिका तथा बुढीनन्दा नगरपालिकाका नागरिकलाई जग्गा कारोबारमा सहजता दिने उद्देश्यले २०८३ वैशाख एक गते कार्यालय स्थापना गरिएको थियो । कार्यालय स्थापना भए पनि मालपोत र नापी सम्बन्धी सेवा सुरु नहुँदा स्थानीयमा अन्योलता देखिएको छ । कर्मचारीहरू नियमित उपस्थित भए पनि सेवा सञ्चालन हुन नसकेको बताइएको छ ।

इलाका प्रशासन कार्यालय कोल्टीले भने वैशाख एक गतेदेखि नै नागरिकता तथा राष्ट्रिय परिचयपत्र वितरण सेवा सुरु गरिसकेको छ, जसले स्थानीयलाई सदरमुकाम धाउनुपर्ने बाध्यता केही हदसम्म कम गरेको छ ।

भूमि प्रशासन कार्यालय कोल्टीका प्रमुख देवराज नाथका अनुसार आवश्यक सामग्री अभाव र सिस्टमको युजर पासवर्ड प्राप्त नभएकाले सेवा सुरु गर्न ढिलाइ भएको हो ।

स्थानीय तहले उपलब्ध गराउने भनिएका केही सामग्री अझै प्राप्त नभएको उनको भनाई छ । उनका अनुसार मार्तडीबाट ढड्डा ल्याइसकिएको भए पनि प्राविधिक प्रक्रिया पूरा नहुँदा सेवा प्रवाह सुरु हुन सकेको छैन ।

स्थानीय नरवीर रोकायाले कार्यालय खुले पनि सेवा नपाउँदा समस्या यथावत रहेको बताए । स्थानीयहरूले यथाशीघ्र सेवा सुरु गर्न माग गरेका छन् ।

# खुलालुदेखि सल्लीसल्ला सम्म कालोपत्र हुने

**काँक्रेविहार संवाददाता**
कालीकोट, १ जेठ

भारत र चीनलाई सडक सञ्जाल मार्फत जोड्ने रणनीतिक महत्वको कर्णाली करिडोर अन्तर्गत १२३ किलोमिटर सडक कालोपत्र तथा स्तरोन्नति गरिने भएको छ । कालीकोटको खुलालु देखि हुम्लाको सल्ली सल्लासम्मको सडक खण्डलाई आधुनिक स्तरमा विकास गर्न बहुवर्षीय योजना अघि बढाइएको हो ।

कर्णाली करिडोर आयोजनाका अनुसार सडक ट्र्याक निर्माण सम्पन्न भइसकेपछि कालोपत्रका लागि बहुवर्षीय ठेक्का प्रक्रियामा सहमति जुटेको छ । खुलालु-कोट १३ किलोमिटर, भुक्काखोला-पिलुचौर १५ किलोमिटर तथा तुम्चा-सल्लीसल्ला १३ किलोमिटर सडक कालोपत्र गर्न करिब तिन अर्ब १५ करोड रुपैयाँ बराबरको प्रस्ताव अर्थ मन्त्रालयमा पठाइएको थियो । आयोजना प्रमुख बिसुनदास लामाले आवश्यक स्रोत सुनिश्चित भइसकेको जानकारी दिँदै ४१ किलोमिटर सडकको ठेक्का प्रक्रिया छिट्टै अघि बढाइने बताए ।

खुलालु-सल्ली खण्ड अन्तर्गत ३५ किलोमिटर ग्राभेल सडक स्तरोन्नति सम्पन्न भइसकेको छ भने पालाताको घाटाचौरदेखि भुक्काखोला सम्म १४ किलोमिटर क्षेत्रमा नेपाली सेनाले चट्टान फोड्ने कठिन कार्य सम्पन्न गरेको जनाएको छ । उक्त खण्डको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि थप कालोपत्र र स्तरोन्नतिको काम अघि बढाइने तयारी गरिएको छ । यसअघि नै पिलुचौर-कुबाडी २३ किलोमिटर र कुबाडी-तुम्चा २७ किलोमिटर सडक खण्डमा कालोपत्रको काम सुरु भइसकेको छ । आयोजनाका अनुसार हालसम्म करिब १७ प्रतिशत भौतिक प्रगति भएको छ भने चालु आर्थिक वर्षमा मात्रै २४ करोड रुपैयाँ खर्च भइसकेको छ । करिडोर क्षेत्रमा आवश्यक १५ पुलमध्ये नौ वटा निर्माणाधीन अवस्थामा रहेका छन् । बाँकी छ पुल निर्माणका लागि करिब ६२ करोड रुपैयाँ बजेट सुनिश्चित भइसकेको आयोजनाले जनाएको छ ।

कालीकोट-बाजुरा सीमाक्षेत्रका भुक्काखोला, सेराखोला, बाँधुखोला, तुसारेखोला, पैमाखोला र मकाखोलामा पुल निर्माणका लागि बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाइएको छ ।

चालु आर्थिक वर्षभित्रै पिलुचौर-कुबाडी खण्डको केही भागमा कालोपत्र सम्पन्न गर्ने लक्ष्य रहेको आयोजनाले जनाएको छ ।

# १७ करोडभन्दा बढीको पाठ्यपुस्तक बिक्री



**काँक्रेविहार संवाददाता**
बाँके, १ जेठ

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक प्रेस नेपालगन्जले नयाँ शैक्षिक सत्र २०८३ का लागि १७ करोड ११ लाख रुपैयाँभन्दा बढी मूल्यका पाठ्यपुस्तक बिक्री गरेको छ ।

कार्यालयका अनुसार वैशाख ३१ गतेसम्म विभिन्न जिल्लाका एक सय ११ बिक्रेतामार्फत १२ लाख ५३ हजार भन्दा बढी थान पाठ्यपुस्तक वितरण गरिएको हो ।

प्रादेशिक प्रेस नेपालगन्जका प्रमुख रुद्र खनालले पहिलो चरणमा चैत १६ देखि ३० गतेसम्म तालिका अनुसार बिक्रेतालाई पुस्तक वितरण गरिएको र वैशाख एक गतेदेखि दोस्रो चरणको बिक्री वितरण जारी रहेको जानकारी दिए । कर्णाली प्रदेशका हुम्ला, डोल्पा, रुकुमपश्चिम, जाजरकोट र सल्यान तथा लुम्बिनी प्रदेशका रुकुमपूर्व, रोल्पा, दाङ, बर्दिया र बाँके जिल्लामा पाठ्यपुस्तक वितरण भइरहेको छ ।

जिल्लागत विवरणअनुसार दाङमा सबैभन्दा बढी दुई लाख ६० हजारभन्दा बढी पुस्तक बिक्री भएको छ भने अन्य जिल्लामा पनि मागअनुसार वितरण भइरहेको कार्यालयले जनाएको छ ।

गत वर्ष १४ लाख ७३ हजार थान पुस्तक बिक्री भएकोमा यस वर्ष करिब १५ लाख ९१ हजार थान पुस्तक बिक्री गर्ने लक्ष्य राखिएको छ ।

कार्यालयले यस वर्ष २१ करोड रुपैयाँ बराबरको पाठ्यपुस्तक बिक्री गर्ने लक्ष्य लिएको छ । जनक शिक्षा सामग्री केन्द्रले विराटनगर, पोखरा, भरतपुर, जनकपुर, बुटवल, सुर्खेत, नेपालगन्ज, धनगढी र काठमाडौँस्थित बिक्री केन्द्रमार्फत देशभर पाठ्यपुस्तक वितरण गर्दै आएको छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# निर्माण व्यवसायीको सरकारलाई चेतावनी

❐ **काँक्रेविहार संवाददाता**
सल्यान, १ जेठ

निर्माण सामग्री र इन्धनको चर्को मूल्यवृद्धिका कारण विकास निर्माणका काम प्रभावित बनेको भन्दै नेपाल निर्माण व्यवसायी संघ सल्यानले सरकारले तत्काल मूल्य समायोजनको व्यवस्था गर्न माग गरेको छ।

संघले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा ज्ञापनपत्र पठाउँदै हालको पुरानै दररेटमा निर्माण कार्य सञ्चालन गर्न असम्भवजस्तै भएको जनाएको हो।

निर्माण व्यवसायीका अनुसार डिजेल, बिटुमिन, ढुवानी खर्च तथा श्रमिक ज्यालामा अत्यधिक वृद्धि भएपछि सञ्चालनमा रहेका सडक, भवन र खानेपानी लगायतका आयोजना आर्थिक संकटमा परेका छन्।

मूल्य समायोजन सम्बन्धी नीतिगत निर्णय तत्काल नगरे जिल्लासहित देशभरका निर्माण आयोजना प्रभावित हुने चेतावनी संघले दिएको छ।

ज्ञापनपत्रमा मध्यपूर्व युद्धअघि प्रतिलिटर एक सय ३९ रुपैयाँ रहेको डिजेलको मूल्य हाल दुई सय २५ रुपैयाँ पुगेको तथा बिटुमिन प्रतिकेजी ७५ रुपैयाँबाट बढेर एक सय ५५ रुपैयाँ पुगेको उल्लेख गरिएको छ।

लागत दोब्बर जस्तै बढे पनि पुरानै लागत अनुमानका आधारमा काम गर्नुपर्दा व्यवसायी घाटामा गएको संघको भनाइ छ।

नेपाल निर्माण व्यवसायी संघ सल्यानका अध्यक्ष इन्द्रबहादुर श्रेष्ठको नेतृत्वमा व्यवसायीहरूले ज्ञापनपत्र बुझाएका हुन्।

निर्माण व्यवसायी भरत बस्नेतले अहिलेको अवस्थामा काम गरेजति घाटा हुने परिस्थिति सिर्जना भएको बताउँदै पुरानै दररेटमा आयोजना सञ्चालन गर्न नसकिने स्पष्ट पारे।

संघले सरकारले मूल्य समायोजन नगरे निर्माण उद्योग गम्भीर संकटमा पर्ने जनाएको छ। लाखौं मानिसलाई रोजगारी दिँदै आएको निर्माण क्षेत्रलाई राज्यले बेवास्ता गरेको व्यवसायीहरूको गुनासो छ।

व्यवसायीहरूले छिमेकी भारतमा समेत निर्माण सामग्री र इन्धनको मूल्य अनुसार समायोजनको व्यवस्था रहेको उल्लेख गर्दै नेपालमा भने त्यसको अभाव हुँदा व्यवसायी थप मारमा परेको बताएका छन्।

त्यस्तै, निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने, बैंक ग्यारेन्टी जफत गर्ने लगायतका कारबाही रोक्न पनि सरकारसँग आग्रह गरिएको छ। निर्माण आयोजनाको म्याद थप, बजेट व्यवस्थापन र बीमा सहजीकरण गर्नुपर्ने मागसमेत व्यवसायीहरूले राखेका छन्।

संघका अनुसार सल्यान जिल्लाभर करिब तिन सय ५० निर्माण व्यवसायी सक्रिय छन्। हालको आर्थिक दबाबका कारण अधिकांश आयोजना निर्धारित समयमा सम्पन्न हुने सम्भावना कमजोर बन्दै गएको व्यवसायीहरूको भनाइ छ।

नेपाल निर्माण व्यवसायी संघ कर्णाली प्रदेशका सदस्य मनोज सिंहसहितको टोलीले सल्यानका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटा मार्फत प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्र पठाएको हो।

# सुर्खेतमा 'श्री पुरुषोत्तम मास व्रत अनुष्ठान' आयोजना हुने

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, १ जेठ

पवित्र पुरुषोत्तम मासको अवसरमा सुर्खेतको वीरेन्द्रनगरमा "श्री पुरुषोत्तम मास व्रत अनुष्ठान" आयोजना हुने भएको छ। धार्मिक तथा आध्यात्मिक गतिविधिमार्फत भक्तजनलाई एकताबद्ध गर्ने उद्देश्यसहित महायोगी सिद्धबाबा आध्यात्मिक प्रतिष्ठानले विशेष अनुष्ठान आयोजना गर्न लागेको हो। सार्वजनिक गरिएको निमन्त्रणापत्र अनुसार कार्यक्रम जेठ ३ गतेदेखि ३१ गतेसम्म सञ्चालन हुनेछ। आयोजकका अनुसार पुरुषोत्तम मास हिन्दु धर्मशास्त्रमा अत्यन्त पुण्यदायी र दुर्लभ महिनाका रूपमा वर्णन गरिएको छ। हरेक तीन वर्षमा पर्ने यो अतिरिक्त महिनालाई "अधिक मास" तथा "मलमास" पनि भनिने भए पनि भगवान विष्णुसँग सम्बन्धित भएकाले यसलाई "पुरुषोत्तम मास" का रूपमा विशेष महत्व दिइन्छ।

त्यो विषयमा जानकारी दिन वीरेन्द्रनगरको गणेश मन्दिरमा शुक्रबार पत्रकार सम्मेलन मार्फत जानकारी दिने उद्देश्यले उल्लेख भएअनुसार यस अवधिमा स्नान, जप, तप, व्रत, दान, पूजा, हवन, पाठ-पारायण तथा धार्मिक साधनाले विशेष फल प्राप्त हुने धार्मिक विश्वास रहेको छ। आयोजकले श्रीमद्भागवत पाठ, श्रीरामचरितमानस पाठ, रामनाम संकीर्तन, तुलसी पूजा तथा शालिग्राम आराधनाजस्ता कार्यक्रम सञ्चालन गरिने जनाएको छ।

कार्यक्रम दैनिक बिहान ५ बजेदेखि राति ९ बजेसम्म सञ्चालन हुने तालिका सार्वजनिक गरिएको छ। बिहान ध्यान साधना, भागवत पाठ र रामचरितमानस पाठ हुने तथा दिउँसो भजन, प्रसाद वितरण र पुरुषोत्तम मास माहात्म्य प्रवचन गरिने कार्यक्रम रहेको छ। साँझ आरती र रातिको भजनमार्फत धार्मिक वातावरण निर्माण गरिने आयोजकले जनाएको छ। महायोगी सिद्धबाबा आध्यात्मिक प्रतिष्ठानका गणेश बोहोरा 'सुरेश'का अनुसार कार्यक्रमले समाजमा धार्मिक चेतना, नैतिकता र आध्यात्मिक जागरण फैलाउने विश्वास गरिएको छ। उनले पुरुषोत्तम मासलाई आत्मशुद्धि, सेवा र सत्कर्मको अवसरका रूपमा लिन आग्रह गरे। आयोजकका अनुसार कार्यक्रममा विभिन्न तहका भक्तजन, साधुसन्त तथा धार्मिक अभियन्ताको सहभागिता रहनेछ। पुरुषोत्तम मासका अवसरमा गरिने व्रत, दान र पूजाबाट पुण्य प्राप्त हुने धार्मिक मान्यता रहेको हुँदा ठूलो संख्यामा श्रद्धालु सहभागी हुने अपेक्षा गरिएको छ। धार्मिक अनुष्ठानमार्फत समाजमा सकारात्मक ऊर्जा, सद्भाव र संस्कृतिको संरक्षणमा टेवा पुग्ने विश्वास आयोजकको छ। कार्यक्रममा सहभागी भई धार्मिक लाभ लिन आयोजकले सम्पूर्ण भक्तजनलाई आग्रह गरेको छ।

## खानेपानी तथा ढल व्यवस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो। त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं। पानीको श्रोत सधै सफा राखौं। गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं। मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं। पानीको स्रोत संरक्षण गरौं। भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं। पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ। यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ। यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ।
बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं। नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं। यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं। ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ। साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं।

**खानेपानी तथा ढल व्यवस्थापन कार्यालय**
सुर्खेत

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०२**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री शिव रावत** धनी रहेको, **दर्ता नम्बर** ६९४३/७७/७८ बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **शिव कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (**Air Ems**) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)